म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१४ अङ्कः- १२८ २०७९ चैत १८ गते शनिबार 1 April 2023, Saturday - पृष्ठ ४ मूल्य रू. ५/-

## गाँजासहित २ जना पक्राउ

हेटौंडाः हेटौंडा उपमहानगरपालिका-१९, नेवारपानीचोकमा लागुऔषध गाँजासहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा सोही स्थानका अटोचालक २२ बर्षीय सुशील थोकर र अटोमा सवार २३ बर्षीय सुमन गोले रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । बिहीबार गुम्बाचोकबाट हेटौंडा बजारतर्फ आउँदै गरेको प्रदेश ३-०३-००१ ह १८९ नम्बरको अटोलाई सुरक्षाजाँच गर्दा अटोको पछाडी लुकाई छिपाई राखेको बोरामा लागुऔषध गाँजा २ केजी फेला परेको प्रहरीले जनाएको छ । लागुऔषध गाँजासहित थोकर र गोलेलाई नियन्त्रणमा लिई थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय मकवानपुरको हिरासत कक्षमा राखिएको प्रहरीले जानकारी दिएको छ ।

### एसईईको पहिलो दिन अनिवार्य अंग्रेजीको परीक्षा सम्पन्न

## मकवानपुरका १३० जना परीक्षार्थी अनुपस्थित



*हेटौंडा-४ स्थित भुटनदेवी मावि परीक्षा केन्द्रमा परीक्षा दिँदै विद्यार्थी ।*

समाज संवाददाता

हेटौंडाः यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसईई) शुक्रबारबाट देशभर सुरु भएको छ । परीक्षाको पहिलो दिन अनिवार्य अंग्रेजी विषयको परीक्षा सम्पन्न भएको छ ।

अनिवार्य अंग्रेजीको परीक्षामा मकवानपुर जिल्लाबाट परीक्षा फारम भरेका मध्ये १ सय ३० जना परीक्षार्थी अनुपस्थित भएका छन् । ६२ जना छात्रा र ६८ जना छात्रा अंग्रेजी विषयको परीक्षामा अनुपस्थित भएका हुन् । छात्रा ३ हजार २ सय ७३ जना र छात्र २ हजार ८ सय ८० गरी ६ हजार १ सय ५३ जना परीक्षार्थीले अंग्रेजी विषयको परीक्षा दिएका छन् । २ जना दृष्टिविहीन परीक्षार्थीले पनि अनिवार्य अंग्रेजी विषयको परीक्षा होम सेन्टरबाट नै दिएका छन् ।

मकवानपुरबाट ६ हजार ३ सय ३३ जनाले एसईई परीक्षा आवेदन फारम भरेका थिए । जसमा ६ हजार २ सय ९४ जनाले अनिवार्य अंग्रेजी विषयका लागि परीक्षा आवेदन फारम भरेको शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका प्राविधिक सहायक प्रेमचन्द्र चौधरीले जानकारी दिनुभयो । यस्तै, ग्रेड वृद्धितर्फ ९ जना परीक्षार्थीले एसईई परीक्षाको आवेदन भरेका थिए ।

बिहान ८ बजेदेखि सुरु हुने एसईई परीक्षाको दोस्रो दिन आइतबार अनिवार्य गणित विषयको परीक्षा हुँदैछ । बिहान ११ बजेसम्म सञ्चालन हुने माध्यमिक शिक्षा परीक्षा (एसईई) आउँदो २९ गतेसम्म सञ्चालन हुनेछ । बागमती प्रदेशबाट एक लाख एक हजार ७ सय ३३ जना परीक्षार्थीले एसईई परीक्षा आवेदन भरेका थिए ।

मकवानपुरको भीमफेदी गाउँपालिकाबाट २ सय ४६ जना परीक्षार्थीले एसईई परीक्षाको आवेदन भरेका थिए । भीमफेदी-६ मा रहेको महेन्द्र माध्यमिक विद्यालय र भीमफेदी-१, सानुटारमा रहेको राष्ट्रिय माध्यमिक विद्यालयका विद्यार्थी एसईई दिन हेटौंडा आइपुगेका छन् । महेन्द्र माविबाट ४९ जना र राष्ट्रिय माविबाट ६५ जना विद्यार्थी हेटौंडा-४ स्थित आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयमा परीक्षा दिन आइपुगेका हुन् ।

पहिलो दिनको परीक्षा शान्तिपूर्ण वातावरणमा सम्पन्न भएको छ । मकवानपुर जिल्लामा २५ वटा परीक्षा केन्द्र निर्धारण गरिएको छ ।

## अटो दुघर्टनामा ५ जना घाइते

समाज संवाददाता

हेटौंडाः पूर्वी मकवानपुरको बागमती गाउँपालिकामा अटो दुघर्टना हुँदा ५ जना घाइते भएका छन् । शुक्रबार दिउँसो १२ बजेर ५० मिनेटको समयमा बागमती-८, शान्तिपुरस्थित धरान-चतरा सडकखण्डमा फापरबारीबाट पाथिभरातर्फ बाँस बोकी जाँदै गरेको पैदल यात्री सोही ठाउँका ६२ वर्षीय गोविन्द राईले पछाडीतिर हेर्ने क्रममा सोही दिशातर्फ जाँदै गरेको ना २ ह १०६८ नम्बरको अटोलाई बाँसले लागेर दुघर्टना हुँदा ५ जना घाइते भएका हुन् ।

दुघर्टना हुँदा बाँस बोक्ने गोविन्द राईको टाउकोमा भित्री चोट लागेको जनाइएको छ । राईको स्वास्थ्य अवस्था सामान्य रहेको जनाइएको छ । यस्तै, अटो चालक बागमती-८, ठोटरी खोलाका ३१ वर्षीय महेन्द्र लामाको हात र खुट्टामा चोट लागेको र अवस्था सामान्य रहेको जनाइएको छ । अटोमा सवार सिन्धुली जिल्लाको गुर्जीघन्टे पितलमाडी गाउँपालिका ३ की ३० वर्षीया राधिका गोलेको दुबै हात र खुट्टामा, सोही ठाउँकी ६८ वर्षीय जुगुमाया गोलेको दाहिने हात र मुखमा र बागमती-४, करौंजे ठुलोगुर्दुङका ६५ वर्षीया बुद्धिमान दोङको दाहिने हातको कुममा चोट लागेको जनाइएको छ । घाइते सबैको अवस्था सामान्य रहेको जनाइएको छ । घाइतेहरुको उपचारका लागि स्थानीय क्लिनिक झुरझुरेमा पठाएको जनाइएको छ । घटनास्थलमा इलाका प्रहरी कार्यालय फापरबारीबाट प्रहरी वरिष्ठ नायव निरीक्षक बिदुर चन्द्र अधिकारीको कमाण्डमा टोली खटिएको थियो ।

## हेटौंडा क्याम्पसमा स्ववियु पदाधिकारी पदस्थापित





समाज संवाददाता

हेटौंडाः हेटौंडा-४ स्थित हेटौंडा क्याम्पसमा नवनिर्वाचित स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) का पदाधिकारी पदस्थापित भएका छन् । शुक्रबार निर्वाचन समितिले प्रमाणपत्र वितरण गरी अध्यक्ष अभि मैनालीसहित नवनिर्वाचित पदाधिकारी तथा सदस्यलाई पदस्थापित गरेको हो ।

चैत ५ गते सम्पन्न निर्वाचनबाट स्ववियु सचिवमा अन्जान खड्का, कोषाध्यक्षमा अविना थापा निर्वाचित हुनुभएको छ भने सदस्यमा गणेश तिमल्सिना, तिलकबहादुर पाखिन, नवीनकुमार चौधरी, भरतमोहन देवकोटा, रञ्जिता फुयाल निर्वाचित हुनुभएको छ । स्ववियुमा समानुपातिकतर्फबाट विधान आचार्य, अन्जान अर्याल, सुजिता न्यौपाने, प्रतिमा ढुंगाना, दीपक वाईबा, कमलीमाया भोलन र रोशनी आलेमगर निर्वाचित हुनुभएको छ ।

निर्वाचन अधिकृत अच्युत पराजुलीको अध्यक्षता तथा क्याम्पस सञ्चालक समितिका अध्यक्ष आनन्दराम पराजुलीको प्रमुख आतिथ्यमा सपथग्रहण समारोह भएको थियो । कार्यक्रममा क्याम्पस सञ्चालक समितिका सदस्य प्रदीप कोइराला, क्याम्पस प्रमुख देवचन्द्र मानन्धर, स्ववियुका निवर्तमान अध्यक्ष उमेश पुरीको पनि उपस्थिति रहेको थियो ।

## मन्त्रिपरिषद् विस्तार, लिए सपथ

काठमाडौंः नवनियुक्त मन्त्रीहरुले शुक्रबार पद तथा गोपनीयताको शपथ लिएका छन् । राष्ट्रपति भवन शीतलनिवासमा भएको समारोहमा राष्ट्रपति रामचन्द्र पौडेलले नवनियुक्त मन्त्रीहरुलाई शपथ गराएका हुन् ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले कांग्रेसको सिफारिसमा चार, नेकपा एकीकृत समाजवादीका २ जना तथा आफ्नो दल माओवादी र जनता समाजवादी पार्टी जसपाबाट १-१ जनालाई मन्त्री नियुक्त गरेका छन् । कांग्रेसका उपसभापति पूर्णबहादुर खड्का उपप्रधान तथा रक्षामन्त्री भएका छन् भने डा. प्रकाशशरण महत अर्थ, रमेश रिजाल उद्योग वाणिज्य तथा आपूर्ति र सीता गुरुङ शहरी विकासमन्त्री भएकी छन् ।

जनता समाजवादी पार्टी (जसपा)को सिफारिसमा अशोक राई शिक्षा विज्ञान तथा प्रविधिमन्त्री भएका छन् । यस्तै एकीकृत समाजवादीका उपाध्यक्ष वेदुराम भुसाल कृषि तथा पशुपक्षी विकास र उपमहासचिव प्रकाश ज्वाला भौतिक पूर्वाधार तथा यातायातमन्त्री नियुक्त भएका छन् । माओवादी केन्द्रबाट उपमहासचिव शक्ति बस्नेत ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्री बनेका छन् । उनीहरुले शपथ लिएका हुन् । उपप्रधानमन्त्री नारायणकाजी श्रेष्ठको भने मन्त्रालय फेरिएको छ । ११ पुसमा भौतिक पूर्वाधारमन्त्री भएका उनलाई गृह मन्त्रालयको जिम्मेवारी दिइएको छ । स्रोतः अनलाइनखबर ।

## रक्तदान कार्यक्रम

समाज संवाददाता

हेटौंडाः हेटौंडाको बुद्धचोकमा आज शनिबार रक्तदान कार्यक्रम हुने भएको छ । ६६ औं राष्ट्रिय सहकारी दिवसको अवसरमा रक्तदान कार्यक्रम हुने ब्लड बैंकका प्राविधिक किशोर सापकोटाले जानकारी दिनुभयो ।

शनिबारका दिन कार्यक्रम बिहान ७ बजेबाट हुने भएको छ । मूल समारोह समिति, बागमती प्रदेश हेटौंडा मकवानपुरको अयोजनमा कार्यक्रम हुने भएको छ । साथै, जिल्ला बचत संघ, दुग्ध सहकारी संघ, नेफ्स्कुन र राष्ट्रिय सहकारी बैंकको व्यवस्थापनमा रक्तदान कार्यक्रम रहनेछ ।

## आज माध्यमिक शिक्षकको प्रारम्भिक परीक्षा

समाज संवाददाता

हेटौंडाः शिक्षक सेवाा आयोगले सञ्चालन गरेको माध्यमिक तृतीय श्रेणी शिक्षक छनौटका लागि प्रारम्भिक परीक्षा आज शनिबार हुँदैछ । बागमती प्रदेशका लागि उम्मेदवारी दिएकाहरुको परीक्षा हेटौंडाका विभिन्न विद्यालयमा हुनेछन् ।

स्थायी शिक्षक नियुक्तिका लागि पहिलो चरणको छनौट परीक्षाको सम्पूर्ण तयारी पूरा भएको शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका प्रमुख दिनानाथ गौतमले जानकारी दिनुभयो । शनिबार दिउँसो १ बजेदेखि २ बजेसम्म हुने परीक्षामा बागमती प्रदेशका लागि आवेदन दिने ७ हजार ५ सय ३८ जना परीक्षार्थी सहभागी हुने प्रमुख गौतमले बताउनुभयो ।

परीक्षाका लागि हेटौंडाका विभिन्न विद्यालयहरुमा ३० परीक्षा केन्द्र निर्धारण गरिएको उहाँले बताउनुभयो । परीक्षाका लागि प्रश्नपत्रसहित सबै सामग्री आइपुगेको उहाँले जानकारी दिनुभयो ।

प्रश्नपत्र जिल्ला प्रहरी कार्यालय मकवानपुरमा राखिएको र शनिबार परीक्षा सुरु हुनुभन्दा १ घण्टा अगाडि प्रहरी सुरक्षासहित परीक्षा केन्द्रमा प्रश्नपत्र पुर्‍याउने जनाइएको छ । परीक्षार्थीहरुले वस्तुगत प्रश्नतर्फ १ सय पूर्णाङ्कको परीक्षा दिनुपर्नेछ । परीक्षामा ५० वटा प्रश्न सोधिनेछ । वस्तुगत परीक्षामा उत्तीर्णहरुले विषयगत परीक्षामा सहभागी जनाउन पाउनेछन् ।

परीक्षामा नेपाली विषयका लागि १ हजार ९ सय १७ जना, कार्यालय सञ्चालन तथा लेखामा ४ सय २९ जना, अर्थशास्त्रका लागि १ सय ७४ जना, संस्कृत व्याकरणमा ११ जना, अंग्रेजीका लागि १ हजार ५ सय १९ जना, गणितका लागि ७ सय ४७ जना, विज्ञानका विषयका लागि १ हजार २ सय ५९ जना र सामाजिक विषयका लागि १ हजार ४ सय ८३ जना परीक्षार्थीले परीक्षा दिने उहाँले बताउनुभयो । विषयगत कोटा भने आयोगले नै तोक्ने प्रमुख गौतमले जानकारी दिनुभयो ।

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी,
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

स्वादिष्ट नेवारी खाजा





अब होटल बासुकला (फास्टफुड) मा

() स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।

() नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं ।

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।

०५७-५२६०१३

विद्यार्थी भिषामा
JAPAN
जानको लागि October Intake 2023
जापानीज कक्षा सञ्चालन भईरहेको छ ।





HIT EDUCATION
Hetauda-4, Ajar Amar Road, Sigma Complex 4th Floor, Makawanpur
Cont: 057-591400, 9855071400, 9845624441

# जतिको तति नबढोस् कति



अकबर वीरबलको कथा

एक पटक अकबरले सभा शुरु हुनुपूर्व नौ प्रश्न गरे, "कुनै बाख्रालाई मीठो मीठो घाँस दिइयोस्। दाना पनि भिटामिनयुक्त दिइयोस् तर त्यो नमोटाओस् अर्थात पहिले जति थियो त्यति नै वा त्यो भन्दा कम तौलको रहोस्, सक्छ कोही ?"

कोही पनि बोलेनन्। सबैले खासखुस गरे, "पोषिलो खाना दिएपछि वजन त बढिहाल्छ कसले रोक्ने ?"

वीरबल भने टुपी मुसारेर बसिरहेका थिए। कोही पनि नबोलेपछि अकबरले फेरि प्रश्न गरे, "यो राज्यमा अक्कलयुक्त मानिस सकिएकै हुन् त ?"

"सकिन खोजेको भान हुन्छ सम्राट ! वीरबलले जवाफ दिए।

"त्यसो भए तिमी पनि मऱ्यौ ?"

"धुकधुकी बाँकी हुन सक्छ सम्राट।" वीरबलले जवाफ दिए।

'के मेरा चुनौती स्वीकार्न बाँकी छ ?'

'मजाले जहाँपनाह !' वीरबलले हाँस्दै भने।

'यो ख्याल होइन। दानापानी मैले पठाएको दिने। घाँस छानेर पोषिलो दिने अनि एक महिनापछि अहिलेको तौलसँग दाज्ने गरी तौलिने हुन्छ ?' अकबरले सोधे। वीरबलले सहजै स्वीकार गरे। यसका लागि वीरबलले आफ्नै घरमा एउटा गोठ बनाए। गोठमा दुई खण्ड थियो।

अकबरले पठाएको बाख्रे त्यहाँ बाँधियो। शाही दानापानी खान दिइयो। बाख्राले तोकिएको दानापानी र घाँस खाए नखाएको निरीक्षण गर्न अकबर जाने भए। कहिलेकाँही अकबरले अन्य मन्त्रीलाई पनि पठाए। कहिले त वीरबललाई मन नपराउने उनको सालो र अन्य भारदार हरुलाई पनि हेर्न पठाउँथे। सबैले ठीक छ सम्राट ! भनेर रिपोर्ट सुनाए।

महिना दिन पुग्यो। अकबरसहितको टोली वीरबलको निवासमा पुग्यो। उनीहरुको बाख्रो हेरे। बाख्रो खासै मोटाएको देखिएन। उनीहरु छक्क परे। तौलिँदा त अवश्य केही न केही बढेको होला भन्ने अनुमान थियो तर त्यो पनि देखिएन। सबैभन्दा चाखलाग्दो कुरा त बाख्राको तौल यथावत् थियो। सबैले वाह वीरबल भनेर ताली बजाए। कसरी त्यस्तो हुन गयो भनेर वीरबलले केही बताएनन्।

बाख्राको निरीक्षण गरिसकेपछि अकबरसहितको टोली दरबारमा फरकियो। सबैको मनमा उत्सुकता थियो त्यस्तो कसरी भयो ? वीरबल भने भनिरहेका थिएनन्। त्यो कुराको रहस्य थाहा पाउन सबै आतुर थिए त्यसमा पनि अकबर झनै व्यग्र भइरहेका थिए। 'आजको सभामा पहिलो विषय बाख्रा नै हुनेछ। त्यतिका दानापानी र घाँस खुवाएर पनि बाख्राको तौल नबढ्नुको कारण जान्ने हाम्रो चाहना छ।'

'सम्राट ! यसको जवाफ यहाँ पाइने छैन। जवाफका लागी फेरि एक पटक मेरो घरसम्म कष्ट गर्नुपर्ने छ।' वीरबलले जवाफ दिए। सभाले नियमित कार्य सक्यो। त्यस साँझ सभासद् र मन्त्रीका साथमा अकबर पुनःवीरबलको घरमा गए। उनीहरु बाख्रो बाँधेको खोरको सामुन्नेमा उभिए। त्यहाँ उही बाख्रो थियो। उनीहरुले केही पनि देखेनन्।

'खै त यो खोर हेरेर त केही जवाफ पाइन्न नि !' अकबरले सोधे।

'सम्राट ! नियालेर हेर्नुहोस्। निरीक्षण गर्न पनि जान्नुपर्छ।' वीरबलले भने। अकबर बाख्राको खोरको ढोका खोलेर भित्र पसे। खोरको दोस्रो खण्डमा भयानक पाटे बाघ थियो। जुन बाघ बाहिरबाट देखिँदैनथ्यो तर भित्र बाँधेको बाख्रोले देख्ने गरी राखिएको थियो। बाख्राले त्यतिका पोषिलो खाना खाएर पनि किन मोटाएन भन्ने प्रश्नको जवाफ सबैले पाए। सबैले वीरबलको बुद्धिको प्रशंसा गरे।

# शक्तिशाली बल

लघुकथा



अनुष्का पण्डित

एकादेशमा एउटा गाउँ थियो। गाउँमा एक जना मानिस बस्दथे। ऊ अलि बढी चकचके किसिमको थियो। एकदिन ऊ सडकमा हिँडिरहेको थियो। अकस्मात उसले सडकमा एउटा कुकुर हिँडिरहेको देख्यो। त्यस मानिसलाई कुकुर देखि साह्रै डर लाग्थ्यो। त्यो कुकुरले पनि मानिस देखेपछि भुक्यो। मानिसलाई कुकुर भुकेको देखेर साह्रै रिस उठ्यो।

उसले सडकमा भएको एउटा ढुङ्गा हातमा लिएर कुकुर माथि फाल्यो। नभन्दै कुकुरको ढाडमा गएर ढुंगा लाग्यो। कुकुर कुँइ कुँय गरेर कराउँदै त्यहाँबाट भाग्यो। त्यसपछि ऊ मानिस अगाडि बढ्यो। अलि पर पुगेपछि उसले मौरीको गोलो पनि देख्यो। मौरीको गोलामा पनि उसले कुकुरलाई हानेको ढुङ्गाले हान्यो। मौरीहरुको समूह थियो। रिस उठेर मौरीहरुले त्यस मानिसको शरीरमा आक्रमण गरे। त्यस मानिसको केही लागेन। ऊ मर्ने स्थितिमा पुगिसकेको थियो। उसका छर छिमेकका मानिसहरुले अस्पताल पुऱ्याइदिए। जुन ढुङ्गाले मौरीलाई हान्दा ऊ किन भाग्न पऱ्यो ?

यसबाट के अनुमान गर्न सकिन्छ कि पहिले हानेको कुकुर पो एक्लो थियो। उसका साथीहरु भएको भए उनीहरुको पनि उसले त्यस माथि माथि आक्रमण गर्न सक्थे। तर पछि ढुंगाले हान्दा मौरीले किन आक्रमण गऱ्यो भने उनीहरुको समूह ठूलो थियो। उनीहरुमा साहास बढी भयो। मानिसले मौरीहरुलाई हटाउन सक्ने आँट गर्न सक्ने। त्यसकारण यहाँ के भन्न खोजिएको हो भने एक थुकी सुकि धेरै थुकि नदी भने झैं हो। एउटा लौरो कसैलाई भाँच्न दियो भने उसले सजिलैसँग भाँच्न सक्छ। तर ५ वटा लौरो एकै ठाउँमा भाँच्न दियो भने कसैले पनि भाँच्न सक्दैन। त्यसकारण एकताबद्ध भएर काम गर्नाले सफलताको नजिक पुग्न सकिन्छ।

*कक्षा-९*
*नवोदय शिशु सदन हेटौंडा-४*

# "हाम्रो लेखाइले नेपाली साहित्यलाई हस्तक्षेप गर्न सक्नु पर्छ"

हामी बर्ष २०७९ को संघारतर्फ उन्मुख छौं। हरेक बर्षको सुरुवातमा नयाँ योजनाहरु साथमा रहनुपर्छ भने बर्षको अन्त्यमा त्यसको समीक्षा जरुरी हुन्छ। बर्ष २०७९ को अन्तिम महिनाको तेस्रो साता चलिरहँदा बर्ष २०७९ मा मकवानपुरको साहित्यिक पक्ष कस्तो रह्यो ? मकवानपुरे साहित्यको सवल र दूर्वल पक्षका बारेमा समृद्ध समाज दैनिकका संवाददाता रामकृष्ण घोरासाइनीले मकवानपुर बहुमुखी क्याम्पसका नेपाली भाषा, साहित्यका उपप्राध्यापक एवम् समीक्षक घनश्याम घिमिरेसँग गर्नुभएको कुराकानीः



**घनश्याम घिमिरे**
**समीक्षक**

**समाजः २०७९ सालमा मकवानपुरको साहित्यिक क्रियाकलापलाई कसरी विश्लेषण गर्नुहुन्छ ?**

**घिमिरे**: समग्रमा यो बर्षको मकवानपुर जिल्लामा भएको साहित्यिक गतिविधि औषत रुपमा रह्यो भनेर बुझ्नुपर्छ। अब साहित्यिक गतिविधिहरुलाई साहित्यिक कार्यक्रम के कति भए र साहित्यिक प्रकाश के कति रहे, साहित्यिक पठनको दृष्टिकोण कस्तो रह्यो र मकवानपुर क्षेत्रका श्रष्टाहरुको राष्ट्रियस्तरको कुन किसिमको उपस्थिति रह्यो भन्ने कुरा विश्लेषण गर्नुपर्छ। त्यसरी विश्लेषण गर्दा साहित्यिक कार्यक्रमहरु तीव्ररुपमा भएको, बाल साहित्यको क्षेत्रमा नवसर्जकलाई भित्र्याउने क्रममा महत्वपूर्ण काम भएको, विभिन्न विद्यालयमा आकर्षण देखिएको, केहि गाउँपालिकाहरुले साहित्यिक कार्यक्रम गर्न योगदान दिएको जस्ता कुराहरु नव प्रवर्धक कुरा रहेको छ। तर हेटौंडामा रहेका साहित्यिक राष्ट्रिय साहित्यिक रंगमञ्चमा देखिने क्रमको दृष्टिकोण हेर्दा यो बर्ष हेटौंडाको साहित्यिक औषत रहेको देखिएको छ।

**समाजः राष्ट्रियरुपमा मकवानपुरको साहित्यिक अवस्थालाई कुन स्तरको मान्न सकिन्छ ?**

**घिमिरे**: राष्ट्रियस्तरमा जुन किसिमले साहित्यिक गतिविधि भएको छ, साहित्यिक लेखनका नयाँ-नयाँ प्रवृत्तिहरु देखिएका छन्, त्यसमा मकवानपुरमा हस्तक्षेप कुन स्तरको रह्यो भन्ने आधारमा जाँचिनु पर्ने मलाई लाग्छ। मकवानपुर क्षेत्रमा विशेषगरी यो बाल साहित्यको क्षेत्रमा नवसर्जकको क्षेत्रमा राष्ट्रियस्तरमा नै देखिने गरी, बुझिनेगरी र छामिने गरी काम भएको छ। अरु समिक्षा क्षेत्रमा र कविता लेखनको क्षेत्रमा धेरै उपस्थिति छैन कि भन्ने लागेको मेरो बुझाइ रहेको छ।

**समाजः साहित्यिक संघ, संस्थाका क्रियाकलापलाई कसरी मूल्यांकन गर्नुहुन्छ ?**

**घिमिरे**: साहित्यिक संघ, संस्थाका क्रियाकलाप प्रशंसनीय रहेका छन्। जुन किसिमका साहित्यिक संघ, संस्थाहरु मकवानपुर क्षेत्रमा सक्रिय रहेका छन् उनिहरुले क्यालेण्डर नै बनाएर बार्षिक कामहरु गर्ने गरेका छन्। ती कामहरु हेर्ने हो भने साहित्यिक संघ, संस्थाको स्थानीयस्तरको क्रियाशीलता राम्रो रहेको छ। केहि राष्ट्रियस्तरको कामहरु पनि यो बीचमा राम्रो भएको, अनलाइनका कार्यक्रमहरुले पनि निरन्तरता पाएको हेर्दा साहित्यिक संघ, संस्थाका कार्यक्रम गर्ने सन्दर्भ प्रशंसनीय रहेको छ।

**समाजः मकवानपुरे साहित्यको सवल पक्ष र सुधार गर्नुपर्ने पक्ष के छ ?**

**घिमिरे**: सुधार गर्नुपर्ने मूल कुरा हामीले मकवानपुरे साहित्य भनेर मात्र पुगेन। हाम्रो लेखाइले नेपाली साहित्यलाई हस्तक्षेप गर्न सक्नु पर्छ। नेपाली साहित्यलाई समग्रमा माथि उठाउन सक्नुपर्छ। मैले जे लेखेको छु त्यो नै ठिक छ भनेर आत्माश्लगामा रमाउने बानीले हामीलाई अझ कुण्ठित बनाइदिन्छ। त्यो चैं मकवानपुरे साहित्यको समस्या देखेको छु। साहित्य न मकवानपुरे हुन्छ न हेटौंडेली हुन्छ। साहित्य त समग्रमा शास्वत साहित्य हुन्छ। तर आफूले मकवानपुरे साहित्य भनेर चिनाउनु परेको त्यो नै हाम्रो कमजोरी हो। मकवानपुरे सहित्यबाट माथि उठेर समग्र नेपाली साहित्यमा हस्तक्षेप गर्न सक्ने सामर्थ्य बनाउन सक्नु पर्ने टड्कारो आवश्यकता देखेको छु।

**समाजः आगामी बर्ष मकवानपुरको साहित्यिक सम्भावना के देख्नुहुन्छ ?**

**घिमिरे**: अब सम्भावना पनि छ। जस्तो पालिकास्तरबाट कला, साहित्य, संस्कृतिका लागि बजेटहरु छुट्टिएको। ती बजेटहरु कार्यान्वयनमा नआइरहेको सन्दर्भलाई बुझ्न सक्यौं भने साहित्यिक व्यक्तित्वहरुले ति बजेट अधिकतम उपयोग गरेर साहित्य, कला, संस्कृतिको क्षेत्रमा काम गर्न सक्ने वातावरण बनाउन सके एउता सम्भावना रहेको छ। जसमा बकैया गाउँपालिकाले स्थानीय प्रज्ञा प्रतिष्ठान गठन गर्ने काम र झरना साहित्यसँग समन्वय गरेर साहित्यिक गतिविधिहरु बर्षैभरि गर्ने कामहरु भएको छ। त्यस्तै काम अन्य पालिकाले पनि गर्ने, गराउने प्रयत्न तिर हामी लाग्नु पर्छ। अर्को कुरा हामीले स्थानीयस्तरमा हामीले कार्यक्रम गराउँदै गर्दा राष्ट्रियस्तरमा नै हलचल ल्याउने किसिमको धक्का महसुस गराउने किसिमको साहित्यिक कार्यक्रम गर्न आवश्यक रहेको छ।

# किताब पसलमै किताबको चर्चा




समाज संवाददाता

हेटौंडाः नेपालका ठूला बजारमा स-साना पुस्तक पाइने पसल भेटिन निक्कै सोधिखोजी गर्नुपर्छ। पुस्तक पसल भेटिहाले राम्रा पुस्तक भेटिन गाह्रो छ। आम मानिसमा पठन संस्कृति छैन भने नाफा नहुने व्यापारमा निजी क्षेत्रको ध्यान पनि जाने अवस्था रहेन। तर, केही समय यता देशका केही सहरमा पठनसंस्कृतिको विकासमा टेवा पुऱ्याउने उद्देश्यले आकर्षक पुस्तक पसल स्थापित हुने, पुस्तकको प्रचार, चर्चा गर्ने क्रम सुरु भएको छ। यही क्रममा हेटौंडा-४, भैरवरोडमा हालै सञ्चालनमा आएको किताब पसल "किताबघर" मा शुक्रबार किताबको चर्चा भएको छ।

पुस्तकको चर्चामा सहभागी हुनुहुन्थ्यो मकवानपुर बहुमुखी क्याम्पसका उपप्राध्यापक उत्तम अर्याल। "पश्चिमाहरु पूर्वीय समाजलाई बर्बर देखाउन खोज्छन्।" अर्याल भन्दै हुनुहुन्थ्यो, "त्यसैले "द काइट रनर"को सामान्य कथालाई उनीहरूले यति चर्चित बनाइदिए।" अफगानी मूलका अमेरिकी लेखकको सन् २००३ मा प्रकाशित पुस्तक "द काइट रनर" का बारेमा अर्यालले प्रस्तुत गर्नुभएको तर्कलाई बल प्रदान गर्ने तथ्य हो, यो पुस्तक चर्चित अंग्रेजी अखबारहरू द टाइम्स, टेलिग्राफ र गार्जियनले दशककै उत्कृष्ट पुस्तकको रुपमा चयन गर्नु।

"किताबघर"ले आयोजना गरेको "किताबको कुरा"को पहिलो अंकमा अर्यालले "द काइट रनर" माथिको आफ्ना विचार राख्नुभयो। उपन्यासको कथा एउटा बाह्र बर्षीय बालकको आमिरको चङ्गा प्रतियोगिता जित्ने ध्याउन्नमा केन्द्रित छ। उनलाई हरतरहले सहयोग गर्न कस्सिएका छन् उनका अतिनै सहयोगी साथी हसन। आमिरको यो ध्याउन्नका बीच रुसी हमला हुन्छ, आमिरको परिवार देश छोडेर अमेरिका पलायन हुन्छ। खेदिएर नेपाल आएका हजारौं भुटानी शरणार्थीहरूको जस्तै, बङ्गाली रोहिङ्गाहरूको जस्तै नेपाली जनमानसले अनुभव गरिराखेकै कथा हो "द काइट रनर"। तर अलिकति फरक मुस्लिम परिवेशमा जोडिएको। यही कथामा पश्चिमा देशहरूको राजनीतिक अभिष्ट गाँसिएपछि यो उपन्यास दशककै उत्कृष्ट पुस्तकको रुपमा चुनियो। तत्कालिन परिवेशमा नब्बे लाखभन्दा बढी प्रति बिक्री पनि भयो।


अर्यालकै शब्दमा एउटा सामाजिक परिवेशको कथावस्तुले पश्चिमाहरूको राजनीतिक अभिष्ट पूरा गर्न सहयोगी भूमिका निर्वाह गऱ्यो। नेपालमा पनि विशेषगरी युवापुस्ताले त्यतिबेलै खुब रुचीका साथ यो कृति पढे र मन पराए पनि। तर हामीकहाँ भने त्यो राजनीतिक अभिष्टभन्दा पनि विशुद्ध भाषाको मोह र साहित्यको आनन्दका लागि यो पुस्तक पढियो। आज पनि "द काइट रनर" नेपाली पाठकहरूका माझ उत्तिकै चर्चित छ। "किताबका कुरा" कार्यक्रमको अन्त्यमा किताबघरका तर्फबाट अर्याललाई मायाको चिनोस्वरुप लोइस लोरीको पुस्तक "गिभर" प्रदान गरिएको थियो। किताबघरले मासिक रुपमा कम्तिमा दुईपटक यसप्रकारका कार्यक्रम आयोजना गर्ने जनाएको छ।

**विकेश पुडासैनी**
**कक्षा-१२**
**श्रीकृष्ण मावि, भीमफेदी-२, भैसे**



**शुभ थापा**
**कक्षा-२,**
**श्रीकृष्ण मावि, भीमफेदी-२, भैसे**








# म नयाँ नेपाल हुँ !



सरोजप्रसाद साह



म नव विज्ञानको आधार हुँ
म सम्पूर्ण नारीको सम्मान हुँ
म उननतीको नयाँ उडान हुँ
म नयाँ नेपाल हुँ

म ईन्द्रेणी आकाश हुँ
म सुनौला सपनाका आधार हुँ
म जटिल समस्याका त्रिकोण समाधान हुँ

परिवर्तन मेरो अटल परिचय हो
शीरमा छ प्रविधिको ढाकाटोपी
म देशभक्तिको पहाड हुँ
म नयाँ नेपाल हुँ




मभित्र प्रलय सहने साहस छ
म भक्ति थापा र शास्त्रीका भाँती वीर हुँ
म भोलीको हकदार हुँ
म नयाँ नेपाल हुँ



असफलता मेरो पुरानो मित्र हो
हीराको भाँती तेज, मेरो चरित्र हो
म सुर्य र चन्द्रको नयाँ पहिचान हुँ
म नयाँ नेपाल हुँ ।



# वीरहरुको देश



सक्षम कुमार झा

यो देश हो एक विरहरुको देश
दिएको छ, यसले विभिन्न सन्देश
नेपालको त्यो वीर गोर्खाली
आज बनाए हामीलाई शक्तिशाली ।

देश हो यो पुर्खाको रगतले बनेको
आज सबैको छ, मनमा बसेको
नेपाल देशको यो हो, एक पहिचान
यही हो मुलुकको सान ।

वीरहरुको देश हो यो नेपाल हाम्रो
एकताले भरिएको छ नेपाल हाम्रो
एउटाको सुखमा सबै खुसी हुन्छन्
एउटाको दुखमा सबै दुखी हुन्छन् ।

नेपालमा छन् वीर गोर्खाली
छन् तिहरु धेरै शक्तिशाली
नेपालीको मन छ, वीरताले भरिएको
छैनन् आजसम्म कसैसँग हारेको ।

यस कारण नेपाललाई वीरको देश भनिन्छ
हरेक नेपालीको शिर उच्च हुन्छ
नेपालको वीरता छ निकै बलियो
हामीले यो विश्वलाई देखाउनु पर्छ

*कक्षा-८*
*नवोदय शिशु सदन हेटौंडा-४*

# 'असत्य'

लघुकथा



श्याम श्रेष्ठ

एउटी बुढी आमैले टिभिमा केहि नेताहरुले एउटा युवकलाई देश निकाला गर्नु पर्दछ भनी बिरोध गरेको सुनेर आफ्नो छोरालाई सोधिन्, "हैन छोरा, यहाँ चोर, डाँका, हत्यारा, भ्रष्ट्राचारी, अन्यायी अत्याचारीहरु गर्वले शीर ठाडो गरी शानले हाम्रै वरिपरि हिँड्छन्, घुम्छन्, तिनीहरुको बिरुद्धमा कोही बोल्दैनन् । तर त्यो युवकले ठूलै अपराध गरे जस्तो देश नै निकाला गर्नु पर्दछ भन्दछन् । होइन त्यसले त्यस्तो के अपराध गरेछन् हो ?

आफ्नो आमाको प्रश्न सुनेर छोराले जवाफ दियो, "हो आमा त्यो युवकले ठूलै अक्षम्य अपराध गऱ्यो रे ।

होइन बाबू त्यस्तो अक्षम्य के अपराध गरेछ त्यो बाबुले ?

यो असत्यको राजमा उसले सत्य कुरा बोलेछ, आमा ।

**तपाईका साहित्यिक रचनाहरू समृद्ध समाज दैनिकमा प्रकाशन गर्ने ईच्छा भए**

sambridhasamaj@gmail.com

**समृद्ध समाज राष्ट्रिय दैनिक**

# विदेशको बाटो



जनक जोशी

जवानीलाई बन्धक बनाएर परदेशको बाटो तय गर्दा
बाले सम्झाउनु भएका शब्दहरू
आमाले झारेका आँसुहरू
मिटरब्याजीहरूका प्रहारहरू
म धेरै आशक्त हुन्छु
त्रिभुवन विमानस्थलबाट जहाज उड्दा
कफिनमा प्याक भएर आइन्छ कि भनेर लाग्ने
डर पनि समाप्त हुन्छ
बाको जवानी परदेशले लुट्यो
मेरो पढाइको हैसियत त्यहाँसम्म मात्र पुग्यो
मैले राहदानी विभागमा अनलाइन आवेदन दिनसक्ने भएँ
गरिबीले अनागरिक भएकाहरू
पुर्खाहरूका कारण गोरखाली भनेर चिनिए
रेमिट्यान्स आउँदा त्यसमा रगतका थोपा देख्नु हुन्न
कयौंपटक रगत बचेर साससँग सम्झौता गरिन्छ ।

*(स्रोतः सेतोपाटी)*

# सातको राशिफल



पं. ज्यो. तोयानाथ सुवेदी
सम्पर्क : ९७४५०२८५५५

**मेष राशि**: व्यापार–व्यवसायका कामहरु मध्यमकारक रहलान् । आकस्मिक रुपमा धनागम । सामाजिक र परिणाममूखी क्षेत्रमा धन लगानी होला । स्वास्थ्य समस्या पनि आउन सक्ला । चिन्तामा वृद्धि होला । आत्मविश्वासमा वृद्धि होला । पढाइ–लेखाइ मध्यमकारक रहनेछ । अरुको काममा समय व्यतित होला । यात्रा योग र भेटघाटमा समय व्यतित होला ।

**वृष राशि**: व्यक्तिगत प्रतिष्ठा स्थापित गर्ने दिन हो । हाँके/ताँके का तथा चिताएका काममा सफल भइनेछ । उदेश्य र आकाङ्क्षा पूर्ण हुने दिन हो । धार्मिक र सामाजिक काममा सहभागी भइने समय छ । व्यापार–व्यवसाय ठिकै रहने छ । राम रमाइलोमा समय व्यतित होला ।

**मिथुन राशि**: सुख सुविधाका लागि धन खर्च गर्ने समय छ । आर्थिक दृष्टिले ठिकै समय छ । सम्पर्क र सम्बन्धको दायरा फराकिलो बन्ला । सिनियर्स वा मान्यजनको प्रशंसा प्राप्त ।भोगविलास र आनन्द प्राप्तिमा खर्च बढ्ला । अड्किएको धन प्राप्ति होला । सामाजिक र धार्मिक काममा सरिक भइने छ । परीक्षा प्रतियोगितामा बिजय प्राप्त हुने समय छ ।

**कर्कट राशि**: भेटघाटमा समय व्यतित । नयाँ कामको थालनी होला । दैनिक काम धन्दाबाट केही न केही फाइदा बटुलिएला । गुमेको वा सापटीको धन बिस्तारै हात लाग्ला । लगनशीलता र मिहिनेतबाट फाइदा प्राप्त होला । बिचार र योजनालाई लगनशील भएर लाग्दा राम्रो । बौद्धिक र प्राज्ञिक क्षेत्रमा समेत राम्रो समय छ । पढाइ–लेखाइ मध्यमकारक ।

**सिंह राशि**: व्यवहारिक खर्च बढ्ने समय छ । वैदेशिक प्रयोजनको कामबाट मनग्गै फाइदा । व्यापार–व्यवसायमा सफलता प्राप्त हुनेछ । प्रतिस्पर्धा र परीक्षामा पनि सफलता होला । अनाहकमा नगरेको कामको अवगाल आइपर्ला । आर्थिक पक्ष बाधक बन्ने समय छ । मानसिक बिचलनमा कमी आउला । उतारचढावसँग प्रतिस्पर्धा गर्नुपर्ला । पढाइ–लेखाइ ठिकै छ ।

**कन्या राशि**: प्रयत्नले अप्ठ्यारा अवस्थालाई सप्ठ्यारो गर्न सकिएला । परिश्रम अनुसार प्रतिफल हात पर्ला । सामाजिक तथा धार्मिक काममा सरिक भइनेछ । खर्चमा कटौती गर्दा राम्रो होला । राजनैतिक तथा सामाजिक अनि धार्मिक काममा सरिक भइनेछ । परीक्षा प्रतियोगिताबाट भय बढ्ला । अध्ययन–अध्यापनका काममा सफलता प्राप्त ।

**तुला राशि**: समय ठिकै छ । आज्ञा अनुसार खट्नुपर्ने समय छ । योजना अनुसार अगाडि बढ्दा राम्रो । पेशा र व्यवसायलाई दृष्टिगत गरी अगाडि बढ्दा राम्रो हुनेछ । आशावादी बनेर प्रयास गर्दा परिश्रमको राम्रो प्रतिफल प्राप्त होला । चुनौति र व्यवधानका बीचमा काम निकाल्ने समय हो । अध्ययन–अध्यापनका काममा लागी परिएला ।

**वृश्चिक राशि**: आर्थिक लाभ हुने समयको योग छ । पारिवारीक जीवनमा आत्मीयता बढ्ला । धार्मिक, सामाजिक र साँस्कृतिक काममा रुचि बढ्ला । रोकिएका कामहरु सम्पन्न हुने समय छ । प्रयास गरेका काममा सफलता हात पर्ला । हाँके ताँकेका काममा पूर्णता प्राप्त गर्ने समय छ । अरुका कुरामा ध्यान नदिई काममा ध्यान पुऱ्याउँने समय छ । अध्ययन–अध्यापनका कामहरु सफल नै रहने हुन् ।

**धनु राशि**: जोखिम र संकटले युक्त समय छ । महत्वकांक्षा थाती राखेर संयमताका साथ अगाडि बढ्दा राम्रो । कामलाई निरन्तरता दिँदा राम्रो रहन्छ । व्यापार–व्यवसायका कामहरु मध्यमकारक रहलान् । नोकरीमा असहजता र कामको थाप बढ्ने समय छ । सामाजिक र परोपकारजन्य काममा मन जाला ।

**मकर राशि**: आत्मीय मित्रसँग भेटघाट होला । दाम्पत्य जीवन स्मरणीय बन्ला । कार्यक्षेत्रमा पनि सोचे भन्दा राम्र प्रतिफल मिल्ला । नयाँ वस्तुप्रति आकर्षण बढ्ला । ख्याल ठट्टामा समय व्यतित होला । यात्रा योग र भेटघाट होला । व्यापार–व्यवसाय मध्यमकारक छ । पढाइ–लेखाइबाट लाभ प्राप्त होला । सामाजिक काममा सरिक ।

**कुम्भ राशि**: पुरुषार्थी कामले समाजमा स्थापित भइएला । न्याय, प्रशासन र खेलकुदका क्षेत्रमा समय बित्ला । दैनिक व्यवहारमा खर्च बढ्ला । थकान र बेचैनीको समय हो । व्यापार–व्यवसाय ठिकै रहला तर बौद्धिक अनि प्राज्ञिक क्षेत्रका काममा सरिक भइनेछ । पढाइ–लेखाइबाट त्यति लाभ नहोला ॥

**मीन राशि**: बिचारको कदर हुने समयको योग छ । परीक्षा र प्रतियोगितामा विजय भइने छ । प्राज्ञिक, बौद्धिक र दार्शनिक क्रियाकलापका कामबाट धनार्जन । हाँके ताँकेका कामबााट लाभ प्राप्त होला । प्राविधिक र सीपमूलक काममा आकर्षण बढ्ला । प्रतिस्पर्धी कामबाट विजय प्राप्त होला । पढाइ–लेखाइका कामबाट लाभ ।

# गाउँखाने कथा

१. काली गँगा गौरी घाट, बत्तीस हाँगा एउटै पात ।
- जिब्रो

२. काली गाईको पेटमा तारा ।
- मासको दाना ।

३. खान यसले धेरै खान्छ कहिले अघाउँदैन, बरु आफू सुकिजान्छ कहिले मोटाउँदैन ।
- जाँतो र अचानो

४. खान न पिउनु सधैँभरी हिँडिरहने ।
- घडीको सूइ

५. खुट्टा हुन्छ दशओटा, छ वटा कान, दुई खुट्टाले धकेल्ने र आठ खुट्टाले तान ।
- गोरु जोतेको

# 'राष्ट्रका लागि संगीत अभियात्रा'को टोली हेटौंडामा

समाज संवाददाता

हेटौंडाः राष्ट्रलाई सहि बाटोमा हिँडाउने उद्देश्यले जनवादी कलाकारहरुले देशब्यापीरुपमा सञ्चालन गरेको राष्ट्रका लागि संगीत अभियानका टोली हेटौंडा आइपुगेको छ । आज शनिबार हेटौंडाको रोयल पार्टी प्यालेसमा वरिष्ठ जनगायकहरु जीवन शर्मा, माधब प्रधान, ओम श्रेष्ठ, उदय श्रेष्ठ र जनबादी गीतकार तथा संगीतकार मणि थापा सहित दुई दर्जन जनवादी कलाकारहरुले जनसांस्कृतिक प्रस्तुति गर्ने जनाइएको छ ।

सगीत अभियात्राको अभियान टोलीले शुक्रबार पत्रकार सम्मेलन गरी दिउँसो १ बजेदेखि जनसांख्यिकी प्रस्तुति दिने जानकारी दिएको हो । पत्रकार सम्मेलनमा बोल्दै बरिष्ठ जनगायक जीवन शर्माले राष्ट्र संकटमा परेकाले देशलाई संकटको भूमरिबाट बचाउन आफूहरुले जनसांस्कृतिक अभियान सुरु गरेको बताउनुभयो ।

शर्माले आफूहरुको अभियानले विभिन्न चिरामा बिभक्त रहेका वाम पार्टीहरुलाई एकढिक्का हुन अभिप्रेरित गर्ने विश्वास व्यक्त गर्नुभयो । अभियानले साझा विषयमात्र लिएर हिँडेको स्पष्ट पार्दै जनगायक शर्माले अन्य स्थानमा जस्तै हेटौंडामा पनि कार्यक्रम सफलतापूर्वक सम्पन्न हुनेमा आफू विश्वस्त रहेको धारणा राख्नुभयो ।

पत्रकार सम्मेलनमा बोल्दै वरिष्ठ जनगायक माधब प्रधानले यो अभियान कुनै पार्टी विशेष र नेताका बिरुद्धमा चलाइएको अभियान नभएको स्पष्ट पार्दै संगीत अभियात्रा बिशुद्धरुपमा प्रगतिशील जनसांस्कृतिकर्मीहरुको एक साझा मञ्च रहेको बताउनुभयो । बरिष्ठ जनगायक प्रधानले विभिन्न कठिनाइहरु आइपर्दा पनि प्रगतिशील धारालाई नछाडेका, जनताको सुखी दिन ल्याउनका लागि अहोरात्र जनसंस्कृतिको फाँटमा डटिरहेको जनबादी गीतकार/संगीतकार र गायकहरु यो संगीत अभियात्रामा समेटिएको बताउनुभयो ।

यस्तै, वरिष्ठ प्रगतिशील गीतकार तथा संगीतकार मणि थापाले आफूहरु सांस्कृतिक अभियानमार्फत् सिंगो देशलाई एक ठाउँमा ल्याउन लागिपरिरहेको बताउँदै राजनैतिक पार्टीहरु आफ्नो आदर्शबाट च्यूत भइरहेको धारणा राख्नुभयो । सर्जक थापाले लेखक कलाकारहरु अहिलेको अवस्थादेखि सन्तुष्ट नभएको दाबी गर्नुभयो ।

आफूहरुको अभियान कुनै पार्टी र नेताका बिरुद्ध नरहेको भन्दै थापाले जनगीतसंगीतको संरक्षण, विकास र समाज रुपान्तरणका लागि आफूहरुले राष्ट्रका लागि संगीत अभियात्रा सञ्चालन गरेको स्पष्ट पार्नुभयो ।

संगीत अभियात्राको आयोजनामा चैत्र १८ गते रोयल पार्टी प्यालेसमा हुन गइरहेको कार्यक्रममा बरिष्ठ जनगायकहरु जीवन शर्मा, माधब प्रधान, ओम श्रेष्ठ र उदय श्रेष्ठ, प्रगतिशील गीतकार/संगीतकार एवम् गायक मणि थापा, जनगायकहरु चिरन सिं, निलिमा पुन, कर्ण बिद्रोही, मोहित श्रेष्ठ, लक्ष्मी रिजाल, केशर कालिकोटे, बिहानी बिक र सुशीलसिंह ठकुरीको सांस्कृतिक प्रस्तुति रहने आयोजकले जनाएको छ । कार्यक्रममा उदयिमान जनगायक लक्ष्मण पाख्रिन, नवजनगायिका अनु शर्माको गीत, जनकलाकारहरु कुष्मा मगर र कबिता पुनको नृत्य र जनकलाकारहरु नारायण शर्मा र डमर भण्डारीको अभिनय समेत प्रस्तुतिका रुपमा रहने छ ।

# ४२ जनाको डायलाइसीस उपचार

समाज संवाददाता

हेटौंडाः हेटौंडा अस्पतालबाट पछिल्लो समय ४२ जना मृगौला रोगीले डायलासीस सेवा लिइरहेका छन् । हेटौंडा उपमहानगर पालिकाको सहयोगमा सञ्चालित डायलाइसीस केद्रमा ४२ जनाको डायलाइसीस भइरहेको हो ।

हेटौंडा अस्पतालमा रहेको डायलाइसीस उपचार केन्द्रमा १० वटा बेडमध्ये एउटा इमर्जेन्सी र अर्को बिग्रेको स्टाफ नर्स पुष्पा रिजालले बताउनुभयो । एउटा बिरामीले हप्तामा दुई पटक डायलाइसीस गर्नुपर्नेछ ।

एउटा बिरामीलाई दिनमा ४ घन्टा डायलाइसीसमा राख्नुपर्ने रिजालले बताउनुभयो । डायलाइसीसमा १ जना डाक्टर र ८ जना नर्स रहेका छन् । धेरैजसो काम नर्सको रहने र एउटा नर्सले दुईवटा बिरामीलाई हेरचाह गर्ने गरेको रिजालले जानकारी दिनुभयो ।



# उपाधिका लागि चर्च ब्वाइज र हिमालयन शेर्पा भिड्दै

समाज संवाददाता

हेटौँडा: जीतपुर-सिमरा गोल्डकप उपाधिका लागि आज शनिबार चर्च ब्वाइज युनाइटेड र हिमालयन शेर्पा क्लब भिड्ने भएका छन् । सिमरा रंगशालामा हुने जगदम्बा १३ औं जीतपुर-सिमरा गोल्डकपको अन्तिम भिडन्तलाई आफ्नो पक्षमा पारेर उपाधि उचाल्ने दाउमा दुवै टिम रहेका छन् ।

मोफसलका विभिन्न स्थानमा भएका प्रतियोगिताहरुमा यी दुवै टिम उपाधिविहीन बनिरहेका छन् । यी दुवै टिमको यो दोस्रो फाइनल हो । चालु सिजनमा चर्च ब्वाइजले इटहरी गोल्डकप र शेर्पाले मकवानपुर गोल्डकपको फाइनल खेलेका थिए । तर दुवै टिम उपविजेता रहन पुगे ।

मोफसलका अन्य प्रतियोगितामा सहभागी हुँदै सिमरा आएका दुवै टिम उपाधीविहिनताको अवस्थाको अन्त्य गर्न चाहन्छन् । दुवै टिमका लागि यो उपाधि निकै महत्वपूर्ण छ । यो प्रतियोगिता सम्पन्न भएलगत्तै ए डिभिजन लिगको छैठौं चरणका खेल सोमबारदेखि सुरु हुँदैछन् ।

काठमाडौं पुगेर लिगको यात्रा थालनी गर्न आफूहरुका लागि जीतपुर-सिमराको उपाधिले ऊर्जा थप्ने टिमका कप्तान तथा प्रशिक्षकको भनाइ छ । लिगमा अपराजित रहेको चर्च ब्वाइजका प्रशिक्षक प्रदीप हुमागाई पहिलो सहभागितामै उपाधि उचालेर जीतपुर-सिमरामा इतिहास रच्न र मोफसलको प्रतिष्ठित फुटबल प्रतियोगिताको उपाधि लिएर लिगको सुरुवात गर्न चाहन्छन् । 'यो उपाधि हाम्रो लागि निकै महत्वपूर्ण छ । हामीसँग राम्रो टिम छ, तर उपाधि जित्न सकेका छैनौं', हुमागाईले भने 'टिममा ऊर्जा र दर्शकमा उत्साह थप्न यो उपाधि जित्नै पर्नेछ । हामीले जित्ने गरी खेल्नेछौं ।'

बी डिभिजनबाट बढुवा भएर आएपछि उत्कृष्ट फुटबल प्रदर्शन गर्दै आएको चर्च ब्वाइजले जीतपुर-सिमरा गोल्डकपमा पहिलो पटक सहभागिता जनाएको हो । एपीएफ र एनआरटीलाई पराजित गर्दै फाइनलको यात्रा तय गरेको चर्च ब्वाइजले इतिहास रच्न शेर्पाविरुद्ध उत्कृष्ट प्रदर्शन गर्नुपर्नेछ । दोस्रो संस्करणको विजेता र चौथो संस्करणको उपविजेता शेर्पा जीतपुर-सिमरा गोल्डकपका लागि परिचित टिम हो ।

लामो समयदेखि निरन्तर सहभागिता जनाउँदै आएपनि उसले पछिल्लो १० वर्षदेखि भने जीतपुर-सिमरामा सुखद् नतिजा प्राप्त गर्न सकेको थिएन । फाइनलको यात्रा तय गर्न १० वर्ष प्रतीक्षा गरेको शेर्पा दोस्रो पटक उपाधि उचाल्ने अवसर खेर फाल्न चाहँदैन । शेर्पाका टिम मेनेजर विजेन्द्र पुडासैनीले उपाधिका लागि प्रतिस्पर्धा गर्न तयार रहेको प्रतिक्रिया दिए ।

पत्रकार सम्मेलनमा उपस्थित हिमालयन शेर्पाका कप्तान विश्वास श्रेष्ठ र चर्चका कप्तान मिलन राईले उपाधि जित्ने लक्ष्यका साथ मैदान उत्रन तयार रहेको बताए । शनिबार साँझ सिमरा रंगशालाको फ्लड लाइटमा उपराष्ट्रपति रामसहाय प्रसाद यादवको प्रमुख आतिथ्यमा फाइनल खेल हुने आयोजक नवजनजागृति युवा क्लबका अध्यक्ष रामचन्द्र लामाले जानकारी दिए ।

# उपाध्यक्ष कप भलिबलको खेल तालिका सार्वजनिक

समाज संवाददाता

हेटौँडा: मकवानपुरको कैलाश गाउँपालिकामा आज शनिबारबाट सुरु हुने पहिलो संस्करणको उपाध्यक्ष कप पुरुष भलिबल प्रतियोगिताको खेल तालिका सार्वजनिक भएको छ । आयोजकले शुक्रबार खेल तालिका सार्वजनिक गरेको हो ।

प्रतियोगिताका संयोजक एवम् कैलाश खेलकुद विकास समितिका अध्यक्ष मोहन वाइबाका अनुसार कैलाश-३, कालिकाटारमा हुने प्रतियोगिताको उद्घाटन खेलमा २ नम्बर वडा र ८ नम्बर वडाबीच प्रतिस्पर्धा हुनेछ । खेल दिउँसो १ बजे सुरु हुनेछ । शनिबार नै १ नम्बर वडा र ९ नम्बर वडाबीच, ४ नम्बर र १० नम्बर वडाबीच प्रतिस्पर्धा हुनेछ । शनिबार ६ खेल हुनेछ ।

आइतबार क्वाटरफाइनल चरणका खेलहरु र सोमबार बिहान सेमिफाइनल तथा दिउँसो फाइनल खेल सञ्चालन हुनेछ । लिग-कम-नकआउटका आधारमा खेलाइने प्रतियोगिताको फाइनल खेल सोमबार हुने कैलाश गाउँपालिका खेलकुद विकास समितिका सदस्य रवीन्द्र थिङले बताउनुभयो ।

प्रतियोगिताको विजेता टिमले नगद ६० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले नगद ४० हजार रुपैयाँ प्राप्त गर्नेछन् । यस्तै, तृतीय हुने टिमले २० हजार र सान्त्वना हुने वडाले नगद १० हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

# हुप्रचौर सरसफाई अभियान सुरु



हुप्रचौरमा सरसफाई गर्दै ।

समाज संवाददाता

हेटौँडा: हेटौँडा-४ स्थित हुप्रचौर सर सफाई अभियान सुरु भएको छ । हेटौँडा उपमहानगरपालिका ४ नम्बर वडा कार्यालयको नेतृत्वमा टोल विकास संस्था नगर समन्वय समिति, जिल्ला खेलकुद विकास समिति, विभिन्न खेलकुद संघ, जेसीज, लायन्स, हिमालयन राइडर क्लब, पतञ्जली योग समिति लगायतका संघ, संस्थाको सहयोगमा चौर सफाई सुरु गरिएको वडा अध्यक्ष नवीन सिग्देलले जानकारी दिनुभयो ।

बागमती प्रदेश सभा सदस्य भारती पाठकको समेत उपस्थितिमा सरसफाई अभियान भएको हो । सरसफाई कार्यलाई निरन्तर राख्ने र हुप्रगेटको निर्माण, वृक्षरोपण, पर्खालहरुमा रङ लगाई हुप्रचौरलाई उज्यालो बनाउने वडा अध्यक्ष सिग्देलको भनाइ छ । असार मसान्तसम्ममा हुप्रचौरको निर्माण कार्य सकाई आकर्षक बनाउने सिग्देलले जानकारी दिनुभयो ।

# महिलाको निःशुल्क स्वास्थ्य परीक्षण

समाज संवाददाता

हेटौँडा: मकवानपुरको हेटौँडा उपमहानगरपालिका वडा नम्बर ८ मा महिलासम्बन्धी निःशुल्क परीक्षण भएको थियो । बिहीबार ८ नम्बर वडा कार्यालयको आर्थिक सहयोग तथा नेपाल परिवार नियोजन संघ मकवानपुरको प्राविधिक सहयोगमा एक दिने परीक्षण भएको हो ।

२ सय ४६ जना महिलाले निःशुल्क सेवा लिएका हुन् । महिला स्वास्थ परीक्षणमा वडा समन्वय संयोजक विष्णु अर्याल र चन्द्रोदय मावि की व्यवस्थापन अध्यक्ष इभाकर मैनालीको उपस्थिति रहेको ८ न. वडाका अध्यक्ष रामकृष्ण थापाले बताउनुभयो । निःशुल्क परीक्षण चन्द्रोदय माविमा भएको हो । महिलासम्बन्धी निःशुल्क परीक्षण बेलुकासम्म भएको थियो । ४ वटा स्वास्थ्यकर्मी साथै यो निःशुल्क परीक्षण समाप्त भएको थापाले जानकारी दिनुभयो ।

# सिन्धुपाल्चोकमा करेन्ट लागेर बालकको मृत्यु
## चितवनमा एकैदिन दुईजनाको शव फेला

समाज संवाददाता

हेटौँडा: सिन्धुपाल्चोक जिल्लाको सुनकोशी गाउँपालिका-४, फलामेचौरमा करेन्ट लागेर एक बालकको मृत्यु भएको छ भने एकजना घाइते भएका छन् । मृत्यु हुनेमा १२ वर्षीय दिपेश श्रेष्ठ रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

खेतबाट काम गरी फर्किने क्रममा घर नजिक रहेको एघार हजार भोल्टेजको मेन लाईनले तान्दा अभिभावकसँगै रहेका दिपेशको करेन्ट लागेर घटनास्थलमै मृत्यु भएको प्रहरीले जानकारी दिएको छ भने ४० वर्षीय फत्तबहादुर श्रेष्ठ करेन्ट लागेर गम्भीर घाइते भएका छन् । घाइते श्रेष्ठलाई उपचारका लागि पाटन अस्पताल ललितपुर लगिएको र बालकको शव पोष्टमार्टमका लागि जिल्ला अस्पताल लगिएको प्रहरीले जानकारी दिएको छ ।

यस्तै, चितवन जिल्लाको माडी नगरपालिका-९, बगईमा एकजना बालक मृत फेला परेको प्रहरीले जानकारी दिएको छ । मृत फेला पर्नेमा राम रानाभाटको १८ महिने छोरा प्रदिप रानाभाट रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ । बालक बिहीबार हराएको खबर प्राप्त हुनासाथ प्रहरी टोलीले खोजतलास गर्ने क्रममा बिहान ११ बजेको समयमा घर नजिकैको कुलोको ह्युमपाईपमा मृत फेला परेको प्रहरीले जानकारी दिएको छ ।

यस्तै, चितवन जिल्लाको माडी नगरपालिका-९ टमट्टामा एक जना पुरुष मृत फेला परेका छन् । मृतक ४७ वर्षीय शिव प्रसाद भण्डारी रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ । भण्डारी बुधवारदेखि घरबाट हिँडेकोमा आफन्तले खोजतलास गर्ने क्रममा बिहीबार बिहान ८ बजे घर नजिकै बारीमा मृत फेला परेको प्रहरीले जानकारी दिएको छ । अनुसन्धान गर्दा भण्डारी अत्याधिक मादकपदार्थ सेवन गर्ने गरेको पाइएको र शव पोष्टमार्टमका लागि भरतपुर अस्पतालमा लगिएको प्रहरीले जानकारी दिएको छ ।

# जनता घरदैलो कार्यक्रमबाट ७९० जना लाभान्वित



समाज संवाददाता

हेटौँडा: हेटौँडा उपमहानगरपालिका ६ नम्बर वडामा स्वास्थ्य चौकीले सञ्चालन गरेको जनता घरदैलो कार्यक्रमबाट ७ सय ९० जना लाभान्वित भएका छन् । स्वास्थ्य चौकी प्रमुख तोयानाथ (टिएन) ढुंगेलका अनुसार ५ सय २७ महिला र २ सय ६३ पुरुष लाभान्वित भएका छन् ।

२ स्वास्थ्यकर्मी, २ सहयोगी, टोल विकास संस्थाका अगुवा र समाजसेवीहरुको सहयोगमा टोल-टोलमा गएर ५ दिन स्वास्थ्य परीक्षण गरिएको हो । स्वास्थ्य चौकीले घरदैलो कार्यक्रममा १ सय १९ जनाको प्रोटिन जाँच, १५ जनाको पीएच जाँच र ६४ जनाको ग्लुकोज जाँच गरिएको छ । जनताको मुगौला जोगाऔं भन्ने अभियान लिएर घर-घरमा सेवा दिन पुग्दा आनन्दित भएको बताउनुहुँदै वडाका २३ वटा टोलमा पुगेर सेवा दिइएको ढुंगेलले बताउनुभयो । स्वास्थ्य चौकीमा दैनिक २०/२५ जनाले नियमित सेवा लिन आउने गरेको ढुंगेलले बताउनुभयो ।

# एकीकृत शिविरबाट १४८६ ले लिए स्वास्थ्य सेवा

समाज संवाददाता

हेटौँडा: मकवानपुरको विकट राक्सिराङ गाउँपालिकाले संचालन गरेको शिविरमा १ हजार ४ सय ८६ ले स्वास्थ्य सेवा लिएका छन् । फागुन २९, चैत ६ र १४ गते संचालन भएको शिविरबाट १ हजार ४ सय ८६ जनाले स्वास्थ्य सेवा लिएका हुन् ।

फागुन २९ गते संचालन भएको शिविरमा ५ सय ६६, चैत्र ६ गते भएको शिविरमा ५ सय ७६ र चैत १४ गते भएको शिविरमा ३ सय ५३ जनाले स्वास्थ्य सेवा लिएको शिविरका फोकल पर्सन जीवन ठकुरीले जानकारी दिनुभयो ।

चैत ६ गते भएको शिविरमा २ सय ३१ जनाले आयुर्वेद सेवा, १ सय ८८ जनाले कृषि सेवा, २ जनाको अपाङ्गता परिचय र ९ जनालाई घरमै गएर सेवा प्रदान गरिएको छ । त्यस्तै चैत १४ गते भएको शिविरमा १ सय ९७ जनाले आयुर्वेद सेवा, १ सय ९३ जनाले कृषि सेवा र ७ जनालाई अपाङ्गता परिचय प्रदान गरिएको ठकुरीले जानकारी दिनुभयो ।

गाउँपालिकाले प्रदान गर्ने सेवाहरुमा सहज पहुँच नभएर बन्चितीमा परेका विकट भेगका बासिन्दाहरुलाई लक्षित गर्दै राक्सिराङ गाउँपालिकाले एकीकृत शिविर संचालन गरेको जनाएको छ । फागुन २९ गते ४ नम्बर वडा, चैत ६ गते ९ नम्बर वडा र चैत १४ गते ६ नम्बर वडा, ७ र ८ नम्बर वडामा शिविर संचालन भएको ठकुरीले बताउनुभयो । चैत २२ गते १ र २ नम्बर वडा कार्यालयबाट शिविर संचालन हुने गाउँपालिकाले जनाएको छ ।

शिविरमा स्वास्थ्य सेवा, अपाङ्गतासम्बन्धी सेवा, अपाङ्गता परीक्षण र परिचयपत्र एवम् सहायक सामग्री वितरण, कृषि सेवा बीउबिजन/बोटबिरुवा, कृषि औजार, किटनाशक औषधि वितरण, निःशुल्क पशुसेवा, पशु जाँच, औषधि वितरण निःशुल्क, व्यवसाय सम्बन्धी सेवा व्यवसाय दर्ता तथा नवीकरण, योजना सम्बन्धी सेवा योजनाको अनुगमन तथा भुक्तानी, गरिब परिवार परिचयपत्र वितरण, ज्येष्ठ नागरिक सेवा, विपद, उद्दार सामग्री तथा राहत वितरण निःशुल्क गरिएको गाउँपालिकाले जनाएको छ ।

त्यस्तै स्वास्थ्य, शिक्षा, कृषि, पशु, रोजगार, लघु उच्चम, सहकारी, सामाजिक निःशुल्क परामर्श र सुरक्षा तथा गाउँपालिकाबाट प्रदान गरिने अन्य सेवाहरु सम्बन्धी जानकारी तथा परामर्श सेवा दिएको गाउँपालिकाले जनाएको छ ।

**मकवानपुर सहकारी अस्पतालमा मनोचिकित्सक**

मणिपाल कलेजबाट मानसिक स्वास्थ्य विषयमा एमडी गर्नुभई चितवन मेडिकल कलेजमा कार्यरत डा. उद्धव लामा यही हरेक महिनाको तेस्रो शनिबार मकवानपुर सहकारी अस्पतालमा आउनुहुँदैछ । मानसिक स्वास्थ्यसम्बन्धी समस्या भएकाको स्वास्थ्य परीक्षण तथा उपचारका लागि अनुरोध गरिन्छ ।

**मकवानपुर सहकारी अस्पताल**
हेटौंडा-१, मिन्तुनापथ
०५७-५२६५८७

**इन्जिनियरिङ तथा आर्किटेक्चर सेवाका लागि**
हामी छौं सुन्दर नगरी हेटौंडामा



घरको नक्सा, डिजाइन, घरको थ्रीडी, डीपीआर, आइईई, ईआइए, इन्जिनियरिङ सर्भे, लागत अनुमान, मूल्यांकन, स्टील स्ट्रक्चर, सम्पूर्ण निर्माणको कार्य, मास्टर प्लान, सुपरभिजन, इन्टेरियर डिजाइनको कार्यहरुका लागि सम्फनुहोस् ।

**केवी ग्रुप अफ इन्जिनियरिङ प्रालि**
हेटौडा-२, नगरपालिकारोड
०५७-५२४६९४/९८४३०२८६३५

**हार्दिक समवेदना**



जन्मः २००२/०५/०५
स्वर्गारोहणः २०७९/१२/०६

**स्व. कृष्ण प्रसाद रिजाल**

यस विद्यालयका प्रधानाध्यापक महेशकुमार रिजालका पुजनीय पिता **कृष्णप्रसाद रिजाल**को असामयिक स्वर्गारोहण भएको **आज १३ औं दिन**को पुण्यतिथिमा उहाँको आत्माको चीरशान्तिको कामना गर्दै यस दुःखद् घडीमा शोकसन्तप्त परिवारजनप्रति ईश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भन्ने कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**श्री भोजसिद्ध माध्यमिक विद्यालय परिवार**
मनहरी-५, बसन्तपुर, मकवानपुर

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ